नेपाल सरकार

अर्थ मन्त्रालय

# विदेशी विनियम सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः- २०८३/३/२९)

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ लामो समयदेखि यथास्थितिमा नै कार्यान्वयनमा रहेकोले उक्त ऐनहरू खारेज गरी विदेशी विनिमय व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपमा गर्न आधुनिक तथा समसामयिक विषयवस्तु थप गरी नयाँ ऐन निर्माण गनुपर्ने देखिएकोले विदेशी विनिमय सञ्चिति, व्यवस्थापन र स्थायित्व तथा विदेशी विनिमयमा हुने कारोबारको नियमन, अनुगमन तथा व्यवस्थापन गर्न नयाँ ऐन निर्माण गरी लागू गर्ने उद्देश्यले "विदेशी विनिमय सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक" को मस्यौदा तर्जुमा गरिएको छ।

उक्त मस्यौदा उपर कुनै राय सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र) दिन भित्र** यस मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको इमेल ठेगाना **fsmd@mof.gov.np** मा प्राप्त हुने गरी उपलब्ध गराइदिनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उक्त विधेयकको मस्यौदा यस मन्त्रालयको वेवसाइट **www.mof.gov.np** बाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**(क) कुन समस्या सम्बोधनको लागि बिधेयक तर्जुमा गर्नु परेको हो सोको कारणः-**

नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०७३/०९/२२ मा स्वीकृत वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४—२०७७/७८) को कार्ययोजना तालिकामा विदेशी विनिमय व्यवस्थापन गर्ने ऐन तर्जुमा गर्ने उल्लेख गरिएको।

त्यस्तै, नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटमा बुँदा नम्बर २७६ मा "वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाइनेछ। नेपाल राष्ट्र बैंक ऐन र विदेशी विनिमय नियमित गर्ने ऐन संशोधन गरिनेछ।" भन्ने व्यवस्था उल्लेख भएको।

त्यसैगरी, नेपाल राष्ट्र बैंकको रणनीतिक योजना २०२२—२०२६ को Strategic Pillar 6: Infrastructure and Business Continuity को Objective 1: Strengthen Legal Infrastructure अन्तर्गतको रणनीति २ मा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्बन्धी कानूनको मस्यौदा पुनरावलोकन र सामयिक संशोधन गर्ने व्यवस्था समावेश भएको।

देशको आर्थिक आवश्यकता, प्रविधिमा आएको परिवर्तन र विदेशी विनिमय व्यवस्थापन सम्बन्धी विभिन्न समसामयिक विषयलाई सम्बोधन गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढीकरण गर्न वर्तमान आर्थिक, वित्तीय तथा प्राविधिक परिवेशअनुरूप विनिमय सञ्चितिमा अभिवृद्धि, विदेशी विनिमयको संरक्षण र व्यवस्थापन, विनिमय दर निर्धारण, विदेशी विनिमय, विदेशी सुरक्षणपत्र, विदेशी मुद्रा र बुलियनहरूमा हुने कारोबारको प्रभावकारी व्यवस्थापन, नियमन तथा नियन्त्रण गर्न हाल कार्यान्वयनमा रहेको विदेशी विनिमय नियमित गर्ने कानूनलाई अद्यावधिक गर्न आवश्यक देखिएको।

विधेयक तर्जुमा गर्नुपर्नाका मुख्य विषयहरू निम्नानुसार छन्ः

- विदेशी विनिमय व्यवस्थापन गर्ने केन्द्रीय बैंकको अधिकारमा समयसापेक्ष परिमार्जन तथा निरीक्षण र अनुगमनको दायरामा वृद्धि गर्न,
- विदेशी विनिमय व्यवस्थापन सम्बन्धी केन्द्रीय बैंकको उद्देश्यबमोजिम विदेशी विनिमयको कारोबार, व्यवस्थापन, विनिमय दर निर्धारण, सुन, चाँदी तथा विदेशी विनिमयको खरीद, विक्री तथा विदेशी विनिमय सञ्चितिको लगानी तथा व्यवस्थापन सम्बन्धी व्यवस्थामा विस्तार गर्न,
- "मुद्रा", "करेन्सी", "विदेशी विनिमयको अपचलन", "विदेशी मुद्रा", "विदेशी विनिमय" लागयतका परिभाषालाई समयसापेक्ष बनाउँन,
- विदेशी विनिमय सम्बन्धी इजाजतपत्र लिनुपर्ने व्यवस्थालाई सरल बनाउन,
- गैर मुद्रा, कानूनी ग्राहयता प्राप्त नगरेका मुद्रा, विदेशी विनिमयको मान्यता प्राप्त नगरेका विद्युतीय, डिजिटल वा अभौतिक (भर्चुअल) मुद्राको कारोबार, हुण्डी कारोबार, मुद्रा, सुन, चाँदी निकासी वा पैठारी, विदेशी विनिमयको ठेक्कापट्टा लगायतका विदेशी विनिमय अपचलन सम्बन्धी कसूरमा नियन्त्रण तथा नियमनको दायरा फराकिलो बनाउन,
- विदेशी लगानी, विदेशमा गरिने लगानी, निकासी भएको मालसामान वा सेवाको भुक्तानी, धितोपत्र निकासी, खरिद बिक्री वा नामसारी, विदेशी विनिमयमा ऋण लिने वा दिने, लगानी फिर्ता तथा इजाजतपत्रप्राप्त व्यक्तिको विदेशी विनिमयको कारोबार निरीक्षण तथा अनुगमन सम्बन्धी नियमनमा विस्तार गर्न,
- विदेशी विनिमय सम्बन्धी कसूरको दायरा विस्तार गर्न,

- ऐनको व्यवस्था उल्लंघन गर्ने र ऐनले प्रतिबन्ध गरेका कार्य तथा कसूर गरेमा हुने सजाय सम्बन्धी स्पष्ट व्यवस्था गर्न, र
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गर्न।

**(ख) <u>विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः-</u>**

प्रस्तावित विधेयकका व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा देहायका सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छः-

- विदेशी विनिमय सम्बन्धी कारोबार गर्न चाहने व्यक्तिको लागि इजाजतपत्रप्राप्त गरी आफ्नो व्यवसाय गर्न सकिने व्यवस्थाले रोजगारीको हक सुनिश्चित गर्न सघाउ पुर्याउने,
- कसूर तथा सजायको व्यवस्थाले व्यक्तिको सम्पत्ति सम्बन्धी हक, उपभोक्ताको हकलगायतका मौलिक हक तथा मानव अधिकार सुनिश्चित गर्न सघाउ पुर्याउने।

**(ग) <u>विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः-</u>**

यस कानूनको कार्यान्वयनका लागि नेपाल सरकारले प्रत्यक्ष रूपमा कुनै थप आर्थिक वा वित्तीय भार व्यहोर्नु पर्ने अवस्था देखिँदैन। प्रस्तावित विधेयकको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको विद्यमान संगठनात्मक संरचना तथा जनशक्ति व्यवस्थापनमार्फत नै कार्यान्वयन हुने भएकाले नयाँ संरचना सिर्जना गर्न वा अतिरिक्त स्रोतसाधन परिचालन गर्न आवश्यक पर्नेछैन। यसबाट नेपाल सरकारलाई थप आर्थिक तथा वित्तीय भार सिर्जना हुने देखिँदैन।

**(घ) <u>विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः-</u>**

विदेशी विनिमय सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न प्रस्तावित विधेयकको व्यवस्थाले नेपाल राष्ट्र बैंकको विदेशी विनिमय नियमित तथा व्यवस्थापन गर्ने भूमिकालाई थप आधुनिकीकरण गर्दै दिगो विकासका विभिन्न लक्ष्यहरू प्राप्त गर्न सहयोग पुर्याउने अपेक्षा गरिएको छ।

**(ङ) <u>विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः-</u>**

विदेशी विनिमय सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकले विदेशी विनिमय नियमन तथा व्यवस्थापनका साथै सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने देखिन्छ। विधेयकमा प्रस्तावित व्यवस्थाले विदेशी विनिमय नियमन सुपरिवेक्षण, तथा

व्यवस्थापनका साथै विदेशी विनिमय अपचलन तथा कसूर र सजायको दायरा विस्तारले सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने देखिन्छ।

- विदेशी विनिमयको अपचलनमा नियन्त्रण हुने,
- विदेशी विनिमय कारोबारको निरीक्षण, अनुगमन तथा सुपरिवेक्षणले विदेशी विनिमयको कारोबारमा स्वच्छता र जवाफदेहिता बढ्ने,
- विदेशी विनिमयसम्बन्धी विभिन्न कसूरहरु जस्तै गैर मुद्रा, कानूनी ग्राहयता प्राप्त नगरेका मुद्रा, विदेशी विनिमयको मान्यता प्राप्त नगरेका विद्युतीय, डिजिटल वा अभौतिक (भर्चुअल) मुद्राको कारोबार, हुण्डी कारोबारलगायतका विषय समावेश गरी कसूरको दायरामा विस्तार तथा नियन्त्रण हुने,
- यस ऐनको उल्लङ्घन गर्ने तथा कसूर गर्नेलाई कारवाही तथा जरिवानासमेतको दण्डसजायको व्यवस्थाले वित्तीय सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

**(च) <u>विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः-</u>**

विदेशी विनिमय सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकले जलवायु अनुकूलनमा कुनै प्रतिकूल असर पार्ने देखिँदैन।

**(छ) <u>अन्य आवश्यक विषयः-</u>**

विधेयक प्रस्तावले केन्द्रीय बैंकको विदेशी विनिमय सम्बन्धी व्यवस्थापन तथा नियामकीय क्षेत्राधिकारमा थप स्पष्टता, समयसापेक्ष र प्रविधिमैत्री वित्तीय संरचना तथा अन्तर्राष्ट्रिय अभ्याससँग समन्वय कायम गर्ने उद्देश्य राखेको छ।

यस विधेयकले विदेशी विनिमयमा हुने कारोबार, लगानी, सञ्चिति, दर निर्धारण, निरीक्षण, अनुगमन, कसूर, सजायलगायतका विषय समेटी विदेशी विनिमय व्यवस्थापन तथा नियमित गर्ने कार्यलाई अधिक पारदर्शी, उत्तरदायी, सुरक्षित तथा दिगो बनाउने दीर्घकालीन आधार तयार गर्नेछ।

साथै, प्रस्तावित विधेयकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गर्नेछ।

# विदेशी विनिमय सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u>** : नेपालको बाह्य तथा वित्तीय क्षेत्र स्थायित्व कायम गरी आर्थिक तथा वित्तीय हितको लागि विदेशी विनिमय सञ्चिति व्यवस्थापन, विदेशी मुद्रा, विदेशी ऋण, विदेशमा लगानी, बुलियनलगायत विदेशी विनिमयमा हुने कारोबारको नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन नेपालमा रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्था, नेपाल बाहिर बसोबास गर्ने नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेको फर्म, कम्पनी, संस्था तथा त्यस्तो फर्म, कम्पनी वा संस्थाको शाखा कार्यालय वा सम्पर्क कार्यालय वा एजेन्सीलाई समेत लागु हुनेछ ।

(३) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "अनुसन्धान अधिकारी" भन्नाले दफा ३१ बमोजिमको अनुसन्धान अधिकारी सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले विदेशी विनिमय कारोबार गर्नको लागि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले दफा ७ बमोजिम बैङ्कबाट प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ग) "इजाजतपत्रप्राप्त व्यक्ति" भन्नाले विदेशी विनिमय कारोबार गर्न दफा ७ बमोजिम बैङ्कबाट इजाजतपत्रप्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(घ) "करेन्सी" भन्नाले नगदको रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्छ र सो शब्दले सिक्का तथा बैङ्कबाट जारी भएका डिजिटल करेन्सीलाई समेत जनाउँछ ।

(ङ) "कुनै धितोपत्रको सम्बन्धमा धनी" भन्नाले सो धितोपत्रमा स्वामित्व रहेको व्यक्ति वा सो धितोपत्र बेचबिखन वा नामसारी गर्न पाउने हक भएको व्यक्ति वा आफ्नै वा अरू व्यक्तिको तर्फबाट सो धितोपत्रको लाभांश वा ब्याज प्राप्त गर्ने वा सो धितोपत्रमा कुनै हक भएको व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले धितोपत्र कुनै ट्रष्टमा राखिएको वा त्यसको लाभांश वा ब्याज कुनै ट्रष्ट फण्डमा जम्मा हुने रहेछ भने सो ट्रष्ट वा त्यसको कुनै शर्तलाई अरू कुनै व्यक्तिको मञ्जुरी लिई वा नलिई सञ्चालन गराउन

वा खारेज गर्न वा हेरफेर गर्न पाउने हक भएको वा ट्रष्ट मनीको लगानीलाई नियन्त्रण गर्न पाउने हक भएको व्यक्तिलाई समेत जनाउँछ ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "ट्रष्ट मनी" भन्नाले कुनै एक व्यक्ति, फर्म वा कम्पनीले कुनै अर्को व्यक्ति, फर्म, कम्पनीको कोषमा जम्मा भई निश्चित उद्देश्यले लगानी हुने रकम सम्झनुपर्छ ।

(च) "चाँदी" भन्नाले प्रचलित कानूनबमोजिम प्रचलनमा भएको वा नभएको सिक्काको रूपमा रहेको चाँदी, शुद्धीकरण भएको वा नभएको चाँदीको ढिक्का (बुलियन) वा पाता तथा पूर्ण वा मुख्यरुपमा चाँदीबाट बनेको गहना, चाँदीको धुलो वा अन्य कुनै स्वरूपमा रहेको चाँदीको मालवस्तु सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐनअन्तर्गत बनेको नियम, विनियम, निर्देशन, कार्यविधि, परिपत्र वा सूचनामा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

(ज) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक, सामूहिक लगानी योजना वा विशिष्ठीकृत लगानी कोष सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र, बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी नेपाल धितोपत्र बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउछ ।

(झ) "नेपाली मुद्रा" भन्नाले प्रचलित कानुनबमोजिम बैङ्कले जारी गरेको नेपाली रूपैयाँमा अङ्कित मुद्रा सम्झनु पर्छ ।

(ञ) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रशारण गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएको विदेशी मुद्रा सम्झनु पर्छ ।

(ट) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच देहायको विषयमा सम्झौता गरी गरिने प्रविधि हस्तान्तरण सम्झनु पर्छः—

(१) पेटेण्ट, डिजाइन, ट्रेडमार्क, व्यापारिक ख्याती (गुडवील), प्राविधिक विशिष्टता, प्राविधिक ज्ञानको प्रयोग (फ्रेञ्चाइज), सुत्र (फर्मुला), प्रक्रिया,

(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स) वा प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग),

(३) व्यवस्थापन तथा प्राविधिक सेवा, सूचना प्रविधि, मार्केटिङ तथा मार्केट रिसर्च, वित्तीय, लेखा तथा लेखापरीक्षण, इन्जिनियरिङ, आउटसोर्सिङ,

मानव संसाधन आउटसोर्सिङ, डिजिटल डेटा प्रोसेसिङ तथा डिजिटल डेटा माइग्रेसन, डिजाइन सेवा वा अन्य प्राविधिक सीप वा ज्ञान,

(४) रिभर्स इञ्जिनियरिङ्ग वा

(५) प्रचलित प्रविधि हस्तान्तरण सम्बन्धी कानुनले तोकेका अन्य प्रविधि हस्तान्तरण।

(ठ) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ड) "मुद्रा" भन्नाले कानूनी ग्राहयता प्राप्त सबै किसिमको करेन्सी, पोस्टल अर्डर, पोस्टल नोट, मनी अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, डेबिट कार्ड, क्रेडिट कार्ड, अन्य इलेक्ट्रोनिक कार्ड, डिजिटल करेन्सी सम्झनु पर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकेको अन्य त्यस्तै प्रकारको मौद्रिक उपकरणलाई समेत जनाउँछ ।

(ढ) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्राबाहेक अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्रइङ्ग राइट्स), तथा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य मौद्रिक उपकरणलाई समेत जनाउँछ ।

(ण) "विदेशी विनिमय" भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, डेबिट कार्ड, क्रेडिट कार्ड तथा अन्य इलेक्ट्रोनिक कार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, फरवार्ड, स्वाप, हेजिङ्ग, अपसन्स् सम्झनु पर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरणलाई समेतलाई जनाउँछ ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "विदेशी धितोपत्र" भन्नाले नेपाल बाहेक अन्य कुनै मुलुकबाट निष्काशन वा जारी गरिएको धितोपत्र सम्झनु पर्छ ।

(त) "विदेशी विनिमयको अपचलन" भन्नाले विदेशी विनिमय वा विदेशी विनिमयसँग सम्बन्धित कोषको अवैध, अनधिकृत, गैरकानूनी, जालसाजीपूर्ण वा अनुचित प्रयोग, लगानी, स्थानान्तरण, लेनदेन, हेरफेर वा भुक्तानीलाई सम्झनु पर्छ । सो शब्दले मालवस्तु वा सेवा निकासी वा पैठारी गर्दा वास्तविक मूल्यभन्दा घटि वा बढी मूल्य देखाई वा गलत बीजकीकरण गरी वा मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ्ग) गरी विदेशी विनिमयको अपचलन गर्ने कार्यलाई समेत जनाउँछ ।

(थ) "विदेशी विनिमय कारोबार" भन्नाले विदेशी विनिमयमा खरीद वा बिक्री गर्ने, विदेशी विनिमयमा ऋण लिने वा दिने, विदेशी मुद्रा ट्रान्सफर गर्ने, विदेशी विनिमय सम्बन्धी उपकरणमा लगानी वा पुन: लगानी गर्ने वा अन्य कुनै तरीकाले विदेशी विनिमय लिने वा दिने वा त्यसको साँवा वा व्याज भुक्तानी गर्ने कार्य सम्झनु पर्छ ।

(द) "विदेशी लगानी" भन्नाले विदेशी लगानीकर्ताले नेपालको कुनै कम्पनी वा प्रतिष्ठानमा गरेको देहायको लगानी सम्झनु पर्छ : -

(१) विदेशी मुद्रामा गरिने शेयर लगानी,

(२) उद्योगमा विदेशी मुद्रा वा शेयरबाट प्राप्त लाभांश रकमको पुनःलगानी,

(३) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को अधीनमा रही मेशिन, औजार, उपकरण मार्फत गरिने शेयर लगानी,

(४) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ६ बमोजिम गरेको लिज लगानी (लिज फाइनान्स),

(५) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ९ बमोजिम पुँजी लगानी कोषमा गरेको लगानी,

(६) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १० बमोजिम धितोपत्रको दोस्रो बजार मार्फत सूचीकृत धितोपत्रमा गरेको लगानी,

(७) नेपालमा संस्थापना भएको कम्पनीको शेयर वा सम्पत्ति खरिद गरी भएको लगानी,

(८) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ११ बमोजिम नेपालमा संस्थापित उद्योग वा कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी गरी बैकिङ्ग प्रणाली मार्फत प्राप्त भएको लगानी,

(९) प्रविधि हस्तान्तरणद्वारा भएको लगानी,

(१०) नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी, वा

(११) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ९क. बमोजिम विशिष्टीकृत लगानी कोषको इकाईमा गरेको लगानी,

(१२) सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ३ बमोजिम लगानी स्वीकृत भएका परियोजनामा भएको विदेशी लगानी।

(ध) "विदेशमा लगानी" भन्नाले नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा गरेको देहायको लगानी सम्झनु पर्छः-

(१) विदेशको धितोपत्र बजारमा सूचीकृत नभई विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी

वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायको शेयरमा वा शेयर खरिदमा गरेको लगानी,

(२) विदेशको धितोपत्र बजारमा सूचीकृत भई विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायको चुक्ता पुँजीको बिस प्रतिशतसम्म शेयरमा वा शेयर खरिदमा गरेको लगानी, तर कुनै नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा आर्जन गरेको रकम लगानी गर्दा त्यस्तो सीमा लागू हुने छैन।

(३) नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा आफ्नो शाखा वा सम्पर्क कार्यालय खोल्न वा दर्ता गर्न गरेको लगानी,

(४) नेपालमा संस्थापित कम्पनी वा प्रतिष्ठानले विदेशमा रहेको बैङ्कको निक्षेप खातामा जम्मा गरिएको रकम, वा

(५) उपखण्ड (१) र (२) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी।

(न) "विदेशी लगानीकर्ता" भन्नाले नेपालमा विदेशी मुद्रामा लगानी गर्ने वा विदेशी प्रविधि हस्तान्तरण गर्ने कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी, वा संस्था, गैरआवासीय नेपाली वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा अन्य यस्तै प्रकारको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले विदेशी लगानीकर्ता कुनै संस्थागत विदेशी लगानीकर्ता भएमा त्यस्तो संस्थाको अन्तिम हिताधिकारीलाई समेत जनाउँछ ।

(प) सार्वजनिक सूचना भन्नाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा विनियमबमोजिम विदेशी विनिमयको व्यवस्थापन सम्बन्धमा बैङ्कले सार्वजनिकरुपमा जारी गरेको कार्यविधि, मार्गदर्शन, आदेश, परिपत्र, निर्देशन वा सूचना सम्झनु पर्छ ।

(फ) "सुन" भन्नाले प्रचलित कानुनबमोजिम प्रचलनमा भएको वा नभएको सिक्काको रूपमा रहेको सुन, शुद्धीकरण भएको वा नभएको सुनको ढिक्का (बुलियन) वा पाता तथा पूर्ण वा मुख्यरुपमा सुनबाट बनेको गहना, असर्फी, सुनको धुलो वा अन्य कुनै स्वरूपमा रहेको सुनको मालवस्तु सम्झनु पर्छ ।

## परिच्छेद-२
## विदेशी विनिमय कारोबारसम्बन्धी व्यवस्था

३. **विदेशी विनिमय व्यवस्थापन गर्ने बैङ्कको अधिकार :** (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही विदेशी विनिमय नियमित तथा व्यवस्थापन गर्ने अधिकार बैङ्कलाई हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि बैङ्कलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) विदेशी विनिमय नीति निर्माण गर्ने,

(ख) विदेशी विनिमय नीति कार्यान्वयन गर्ने वा गराउने,

(ग) विदेशी विनिमयको खरीद तथा बिक्री दर तोक्ने,

(घ) विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा अन्य प्रचलित कानूनको अधीनमा रही इजाजतपत्र जारी गर्ने,

(ङ) इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले गर्ने विदेशी विनिमय कारोबार नियमित तथा व्यवस्थित गर्न आवश्यक विनियम, आदेश, निर्देशन, कार्यविधि, मार्गदर्शन, परिपत्र वा सूचना जारी गर्ने,

(च) इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) विदेशी मुद्रामा हुने भुक्तानी, फर्स्यौट, हिसाब मिलान पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित र व्यवस्थित गर्ने,

(ज) आवश्यकतानुसार सुन, चाँदी तथा विदेशी विनिमयको खरीद, विक्री तथा विदेशी विनिमय सञ्चितिको लगानी र सोको व्यवस्थापन गर्ने,

(झ) इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई विदेशी विनिमय कारोबारको सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही बैङ्कले जारी गरेको विनियम, आदेश, निर्देशन, परिपत्र वा सूचना को उल्लंघन गरेमा जरिबाना गर्ने,

(ञ) विदेशी मुद्राको अपचलन तथा सो सम्बन्धी नियम, विनियम, निर्देशन, कार्यविधि, परिपत्र वा सूचना पटक पटक उल्लंघन गर्ने इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाको इजाजतपत्र खारेज गर्ने,

(ट) विदेशी विनीमय नियमन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने वा गराउने ।

४. **<u>इजाजतपत्र लिनु पर्ने</u>** : (१) विदेशी विनिमयसम्बन्धी कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस ऐनबमोजिम बैङ्कबाट इजाजतपत्र लिनु पर्नेछ ।

(२) कसैले पनि बैङ्कबाट इजाजतपत्र नलिई विदेशी विनिमय कारोबार गर्न वा गराउन हुँदैन ।

तर इजाजतपत्र नलिई विदेशी विनिमयको कारोबार गर्न सक्ने गरी बैङ्कले आवश्यक व्यवस्था गर्न बाधा पर्ने छैन।

(३) बैङ्कले छुट्टै व्यवस्था गरेको बाहेक कसैले पनि इजाजतपत्र प्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिसँग विदेशी मुद्रा खरिद वा बिक्री गर्ने, विदेशी विनिमयमा ऋण लिने वा दिने तथा विदेशी मुद्रामा खाता खोल्ने कार्य गर्नु हुँदैन ।

५. **निवेदन दिनु पर्ने** : (१) विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिए बमोजिमको निवेदन शुल्क र विवरण वा कागजात सहित तोकिएको ढाँचामा बैङ्कसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा बैङ्कले निवेदकले पेश गरेको विवरण वा कागजातको आधारमा आवश्यक परीक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परीक्षण गर्दा कुनै थप विवरण, कागजात वा जानकारी आवश्यक देखिएमा वा कुनै विषयमा स्पष्ट हुन जरूरी देखिएमा बैङ्कले निवेदकसँग त्यस्तो विवरण, कागजात वा जानकारी माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम बैङ्कले माग गरेको विवरण, कागजात वा जानकारी उपलब्ध गराउनु सम्बन्धित निवेदकको कर्तव्य हुनेछ ।

६. **शुल्क, धरौटी वा जमानत बुझाउनु पर्ने** : (१) दफा ५ बमोजिम प्राप्त निवेदन उपर इजाजतपत्र सम्बन्धी प्रचलित व्यवस्था, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी प्रचलित व्यवस्था र उपयुक्तताको परीक्षण (फिट एण्ड प्रपर टेस्ट) का मापदण्ड बमोजिम परीक्षण गर्दा इजाजतपत्र दिन उपयुक्त हुने देखिएमा बैङ्कले तोकिए बमोजिमको वार्षिक शुल्क, धरौटी वा जमानत दाखिला गर्न निवेदकलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदकले जानकारी प्राप्त गरेपछि तोकिए बमोजिमको वार्षिक शुल्क, धरौटी वा सो बराबरको रकम वा बैङ्क जमानत बैङ्कमा बुझाउनु पर्नेछ ।

७. **इजाजतपत्र प्रदान गरिने** : (१) दफा ६ बमोजिम माग गरेको वार्षिक शुल्क, धरौटी वा बैङ्क जमानत दाखिला हुन आएमा बैङ्कले निवेदकलाई तोकिए बमोजिमको ढाँचामा विदेशी विनिमयको इजाजतपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्रमा इजाजतपत्रप्राप्त व्यक्तिले कारोबार गर्ने विदेशी विनिमयको किसिम, हद, कारोबार गर्न पाउने अवधि, स्थान र शर्तसमेत बैङ्कले तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको शर्तको पालना गर्नु सम्बन्धित इजाजतपत्रप्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

(४) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले विदेशी विनिमय कारोबार गर्न पटके इजाजतपत्रको लागि तोकिए बमोजिम दरखास्त दिएमा यस दफाको अधीनमा रही त्यस्तो दरखास्तवालालाई बैङ्कले पटके इजाजतपत्र दिन सक्नेछ।

८.	**बैङ्कले तोकेको दरमा कारोबार गर्नु पर्ने**: नेपाली रूपैयाँलाई विदेशी मुद्रामा र विदेशी मुद्रालाई नेपाली रूपैयाँमा सटही गर्दा बैङ्कले निर्धारण गरे बमोजिमको सन्दर्भ विनिमय दरलाई आधार बनाउनु पर्नेछ ।

तर इजाजतपत्रप्राप्त व्यक्तिले बैङ्कले तोकिदिएको शर्त र सीमाभित्र रही विदेशी विनिमयको फरक खरीद दर वा बिक्री दर तोक्न बाधा पर्ने छैन ।

९.	**आदेश, निर्देशन, परिपत्र वा सूचना जारी गर्न सक्ने**: (१) विदेशी विनिमय कारोबार नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा बैङ्कले निर्देशन, कार्यविधि, मार्गदर्शन, परिपत्र, आदेश वा सूचना जारी गर्न सक्नेछ। यस्तो निर्देशन, कार्यविधि, मार्गदर्शन, परिपत्र, आदेश वा सूचना विद्युतीय माध्यमबाट समेत जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन, कार्यविधि, मार्गदर्शन, परिपत्र, आदेश वा सूचनाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०.	**कानूनी ग्राहयता प्राप्त नगरेका मुद्राको कारोबार गर्न नहुने** : कसैले बैङ्कबाट कानूनी ग्राहयता प्राप्त नगरेको मुद्रा, करेन्सी वा विदेशी विनिमय साधनको रुपमा प्रयोग हुन सक्ने विद्युतीय वा अभौतिक (भर्चुअल) मुद्रालाई आर्थिक वा विदेशी विनिमय सम्बन्धी कारोबारमा प्रयोग गर्न, गराउन वा त्यस्तो कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्षरुपले संलग्न हुन हुँदैन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "अभौतिक (भर्चुअल) मुद्रा" भन्नाले क्रिप्टोग्राफी वा अन्य कुनै तरीकाले सिर्जना वा उत्पादन गरिएको विद्युतीय माध्यमबाट मूल्य दर्शाउने वा मूल्यको प्रतिनिधित्व गर्ने व्यापारिक क्रियाकलापमा प्रयोग हुन सक्ने, मूल्य वा खाताको एकाइमा सञ्चित वा भण्डारण गर्न सकिने सूचना, कोड वा सङ्केत नम्बर, टोकन, क्रिप्टो करेन्सी वा यस्तै किसिमको भर्चुअल मुद्रा वा सम्पत्ति सम्झनु पर्छ।

११.	**विदेशी विनिमय अपचलन भएको मानिने** : (१) कुनै व्यक्तिले कुनै खास उद्देश्यको लागि वा कुनै शर्तमा विदेशी विनिमय प्राप्त गरेको भए सो व्यक्तिले त्यस्तो विदेशी विनिमय अन्य काममा लगाउन वा त्यस्तो शर्त उल्लङ्घन गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको विदेशी विनिमय सम्बन्धित काममा लगाउन नसकिने भएमा वा सो शर्त पूरा गर्न नसकिने भएमा निजले आफूलाई सो कुराको जानकारी भएको मितिले पैंतीस दिनभित्र इजाजतपत्रप्राप्त व्यक्ति वा बैङ्कलाई त्यस्तो विदेशी विनिमय प्रचलित दरमा बिक्री गर्नु पर्नेछ ।

(३) कुनै व्यक्तिले नेपालभित्र कुनै वस्तु वा सेवा आयात गर्नको लागि विदेशी विनिमय प्राप्त गरेकोमा निजले मनासिब माफिकको अवधिभित्र सो मूल्य बराबरको त्यस्तो वस्तु वा सेवा आयात गरिसक्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र अन्यथा उल्लेख भएको अवस्थामा बाहेक कुनै व्यक्तिले नेपालबाट कुनै वस्तु, सेवा वा प्रविधि निर्यात गरेबापतको विदेशी विनिमय रकम वा नेपालीले

विदेशमा रहँदा बस्दा आर्जन गरेको विदेशी विनिमयलाई मनासिब माफिकको अवधिभित्र नेपालस्थित बैङ्क वा वित्तीय संस्थामा भित्र्याउनु पर्नेछ ।

(५) यस ऐनमा व्यवस्था भएकोमा वाहेक नेपालबाहिर धितोपत्र, शेयरपूँजी, ऋण, अभौतिक मुद्रा लगायतमा कुनै पनि प्रकारको सम्पत्तिमा लगानी गर्नु हुँदैन ।

(६) यस ऐन बमोजिम वस्तु, सेवा वा विदेशी विनिमयको कारोबार गर्दा यथार्थ बीजकीकरण गर्नुपर्नेछ ।

(७) उपदफा (१), (२), (३), (४), (५) र (६) बमोजिम विदेशी विनिमय को दुरुपयोग गरेमा त्यस्तो व्यक्तिले विदेशी विनिमयको अपचलन गरेको मानिनेछ ।

१२. **हुण्डी कारोबार गर्नमा प्रतिबन्ध** : कसैले पनि हुण्डीको कारोबार गर्न वा गराउन हुँदैन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "हुण्डी" भन्नाले प्रचलित कानूनबमोजिम मान्यताप्राप्त संस्था वा भुक्तानी उपकरणको माध्यमबाट बाहेक अन्य व्यक्ति, उपकरण वा अन्य कुनै पनि माध्यमबाट नेपालबाट विदेशमा वा विदेशबाट नेपालमा कुनै रकम वा मूल्य स्थानान्तरण वा हिसाब मिलान वा फर्स्यौट वा भुक्तानी लिने, दिने वा हुने गरी व्यवसायिक रुपमा गरिने कारोबार सम्झनु पर्छ ।

१३. **हेजिङ्ग कारोबार:** विदेशी विनिमयमा हुने जोखिम व्यवस्थापनका लागि गरिने हेजिङ्ग कारोबारमा तोकिए बमोजिम हुनेछ ।

१४. **विदेशी विनिमय प्राप्त गर्ने नेपाल सरकारको अधिकार** : (१) मुलुकमा वाह्य क्षेत्र असन्तुलन हुन गई विदेशी विनिमयको सङ्कट पर्न गएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी विनिमयको धनी नेपाली नागरिक, फर्म, कम्पनी वा संस्थालाई आफ्नो स्वामित्वमा रहेको विदेशी विनिमय देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-

(क) सूचनामा तोकिएको विदेशी विनिमय हुने व्यक्तिले नेपाल सरकारको नाममा बैङ्कमा वा सो कामको निमित्त बैङ्कले तोकेको इजाजतपत्रप्राप्त व्यक्तिसमक्ष बैङ्कबाट निर्धारित दरमा बिक्रीको लागि दाखिला गर्न वा गराउन,

(ख) सूचनामा तोकिएको विदेशी विनिमय पाउने हक अरूलाई प्रदान गर्ने अधिकार भएको व्यक्तिले नेपाल सरकारको नाममा बैङ्कबाट निर्धारित दरले हुन आएको मूल्य लिई त्यस्तो अधिकार नामसारी गरिदिन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी कुनै खास क्षेत्र वा प्रयोजनका लागि त्यस्तो आदेश लागू नहुने गरी छुट दिन सक्नेछ ।

(३) बैङ्कको अनुमति लिई कसैले इजाजतपत्रप्राप्त व्यक्तिबाट विदेशी विनिमय खरिद गरी कुनै निश्चित कामको निमित्त राखेको विदेशी विनिमयको हकमा यो दफा लागू हुने छैन ।

१५. **नेपाली नागरिकले प्राप्त गरेको विदेशी विनिमयसम्बन्धी व्यवस्था** : (१) नेपाली नागरिकले प्राप्त गरेको विदेशी विनिमय सटही सम्बन्धी व्यवस्था बैङ्कले सूचना जारी गरी तोकेबमोजिम हुनेछ।

(२) नेपाली नागरिकले विदेशमा रहँदा बस्दाको अवधिमा आर्जन गरेको विदेशी विनिमय वा सो विदेशी विनिमयबाट गरेको लगानी नेपाल फर्किसकेपछि दफा १३ बमोजिमको अवस्थामा बाहेक त्यस्तो विदेशी विनिमय विदेशमा राख्न वा लगानी गर्न चाहेमा सोको जानकारी तोकिएबमोजिम बैङ्कलाई दिनु पर्नेछ ।

१६. **विवरण सुरक्षित राख्नु पर्ने** : इजाजतपत्रप्राप्त व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, विनियम वा जारी गरेको निर्देशन, परिपत्र, आदेश वा सूचना बमोजिम आफूले गरेको विदेशी विनिमयसम्बन्धी कारोबारको विवरण तथा कागजात बैङ्कले तोकेको अवधि र ढाँचामा सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद–३
## निकासी, पैठारी, लगानी तथा भुक्तानी सम्बन्धी व्यवस्था

१७. **मुद्रा, सुन, चाँदी ओसार पसार, निकासी वा पैठारी गर्नमा प्रतिबन्ध** : (१) बैङ्कले सार्वजनिक सूचना जारी गरी नेपाली मुद्रा वा विदेशी मुद्रा नेपालभित्र ल्याउन वा नेपालको कुनै स्थानबाट अर्को स्थानमा लैजान वा पठाउन वा कुनै स्थानबाट नेपालबाहिर लैजान वा पठाउन नपाउने गरी पूर्ण वा आंशिक प्रतिबन्ध लगाउन सक्नेछ।

(२) बैङ्कले सार्वजनिक सूचना जारी गरी सुन वा चाँदी नेपालभित्र ल्याउन वा नेपालको कुनै स्थानबाट अर्को स्थानमा लैजान वा पठाउन वा कुनै स्थानबाट नेपाल बाहिर लैजान वा पठाउन नपाउने गरी पूर्ण वा आंशिक प्रतिबन्ध लगाउन सक्नेछ।

(३) इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाबाहेक कसैले पनि बैङ्कबाट स्वीकृति नलिई बैङ्कले निर्धारण गरेको सीमाभन्दा बढी, सुन, चाँदी वा विदेशी विनिमय नेपालको कुनै एक स्थानबाट अर्को स्थानमा लैजान वा नेपालबाहिर लिएर जान वा पठाउन वा विदेशबाट नेपालभित्र ल्याउन पाउने छैन ।

१८. **पैठारीकर्ताको दायित्व** : (१) बैङ्कले तोकिदिए बमोजिम प्रतीतपत्र वा अन्य आयातको माध्यममा पैठारीकर्ताले घोषणा गरेको अवधि, मूल्य र परिमाण बमोजिम वस्तु वा सेवा पैठारी गर्नु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा तोकिएको शर्त विपरित विदेशी मुद्राको हिनामिना वा अपचलन भएमा जमानी बस्ने वा सो सम्बन्धी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले संलग्न हुने व्यक्ति, फर्म, कम्पनी वा संस्था जिम्मेवार हुनेछ ।

(३) बौद्धिक सम्पत्ति, सफ्टवेयर तथा सूचनामूलक प्रविधि वा अन्य सेवाको पैठारी र सोको भुक्तानी गर्ने प्रक्रिया बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बस्तु वा सेवाको पैठारीको लागि भुक्तानी गर्ने विदेशी विनिमयको कारोबारको सीमा, प्रकार र प्रक्रिया सम्बन्धी व्यवस्था बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बैंकले तोकेको सीमा भन्दा बढी विदेशी विनिमयमा भुक्तानी हुनेगरी वस्तु वा सेवाको पैठारी गर्दा बैंकको स्वीकृति लिनुपर्नेछ।

तर बैंकले तोकेको सीमा भन्दा कमको वस्तु वा सेवाको विदेशी विनिमयमा भुक्तानी गर्दा स्वीकृति आवश्यक पर्नेछैन।

(६) प्रतीतपत्र वा बैङ्कले निर्धारण गरे बमोजिमको पैठारीको माध्यममा संशोधन गरिएको अवस्थामा संशोधित मूल्य, परिमाण बमोजिमको बस्तु वा सेवा पैठारी गर्न सकिनेछ।

(७) पैठारीकर्ताले बस्तु वा सेवा पैठारी गर्दा वास्तविक कारोबार मूल्यको बीजकीकरण गर्नु पर्नेछ । त्यसरी बास्तविक बीजकीकरण नगरेमा यस ऐन तथा प्रचलित कानून बमोजिम विदेशी विनिमय अपचलन भएको मानी सजाय हुनेछ ।

१९. **<u>निकासी भएको बस्तु वा सेवाको भुक्तानी लिने</u>** : (१) नेपालबाट निकासी भएको वस्तुको भुक्तानी बैंकले निर्धारण गरेको अवधिभित्र प्राप्त गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र भुक्तानी प्राप्त गर्न नसकेमा वा नसक्ने देखिएमा सोको मनासिब आधार र कारण सहित बैङ्क समक्ष निवेदन दिन सक्नेछ। त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा बैङ्कले सम्बन्धित निकासीकर्तालाई पुन: अवधि तोकी देहायको आदेश दिन सक्नेछ:-

(क) बस्तु बिक्री भइसकेको भए त्यसको भुक्तानी ल्याउन,
(ख) बस्तु बिक्री भइनसकेको भए बिक्री गरी भुक्तानी ल्याउन, वा
(ग) त्यस्तो बस्तु नेपालमै फिर्ता ल्याउन ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकासीकर्ताले काबू बाहिरको परिस्थिति परी निकासी भएको बस्तुको भुक्तानी ल्याउन नसकेको मनासिब कारण र प्रमाणसहित बैङ्कमा निवेदन दिएमा बैङ्कले जाँचबुझ गर्दा कारण मनासिब देखेमा त्यस्तो भुक्तानी आंशिक वा पूरै ल्याउन नपर्ने गरी छुट दिन सक्नेछ ।

(४) प्रज्ञापनपत्रमा घोषित मूल्यभन्दा कम वा बढी मूल्यमा निकासी गरिएको बस्तुको भुक्तानी प्राप्त हुने अवस्था भएमा निकासीकर्ताले त्यस्तो भुक्तानी स्वीकार गर्नु अघि सोको कारणसहित स्वीकृतिको लागि बैङ्कसमक्ष निवेदन दिनु पर्नेछ ।

(५) बौद्धिक सम्पत्ति, सफ्टवेयर तथा सूचनामूलक प्रविधि वा अन्य सेवाको निकासी र सोको भुक्तानी प्राप्ति प्रक्रिया बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ।

(६) बैङ्कले निर्धारण गरेको माध्यमबाहेक अन्य माध्यमबाट नेपाल भित्र वा नेपाल बाहिर भुक्तानी लिने दिने जस्ता विदेशी विनिमयको अपचलन हुने कुनै काम कसैले गर्न वा गराउन हुँदैन ।

२०. **भुक्तानी दिन वा प्राप्त गर्न नहुने** : बैङ्कले निर्धारण गरेको प्रक्रिया बमोजिम बाहेक नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले देहायको कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) नेपाल बाहिर बसोबास गर्ने व्यक्तिलाई विदेशी विनिमयमा भुक्तानी दिन,
(ख) नेपाल बाहिर बसोबास गर्ने कुनै व्यक्तिको पक्षमा भुक्तानी पाउने अधिकार सिर्जना हुने वा हस्तान्तरण हुने गरी विनिमयपत्र वा प्रतिज्ञापत्र खिच्न, स्वीकार गर्न वा नेगोसियट गर्न वा कुनै ऋण स्वीकार गर्न,
(ग) नेपाल बाहिर बसोबास गर्ने कुनै व्यक्तिको आदेशले वा निजको तर्फबाट कुनै व्यक्तिलाई कुनै किसिमको भुक्तानी दिन।

२१. **निकासीकर्ताले गर्न वा गराउन नहुने** : बैङ्कले निर्धारण गरेको प्रक्रिया बमोजिम बाहेक निकासीकर्ताले देहायको कुनै काम गर्न वा गराउन हुँदैनः-

(क) निकासी भएको बस्तु वा सेवाको भुक्तानी प्राप्त गर्न,
(ख) तोकिएको अवधिभन्दा ढिलाई हुने गरी निकासी भएको बस्तु वा सेवाको भुक्तानी लिन,
(ग) निकासी भएको बस्तु वा सेवाको पूरा मूल्यको भुक्तानी प्राप्त नगर्न,
(घ) गलत बीजकीकरण गर्ने वा त्यस्तो कामसँग सम्बन्धित अन्य कुनै काम गर्न ।

२२. **धितोपत्र सम्बन्धी कार्य गर्न नहुने** : यस ऐन तथा अन्य प्रचलित कानुनले निर्धारण गरे बमोजिमबाहेक धितोपत्रको सम्बन्धमा देहायको कुनै कार्य गर्नु हुँदैन :-

(क) गैर नेपाली नागरिकको नाममा कुनै धितोपत्र खरिद बिक्री वा नामसारी गर्न,
(ख) नेपालबाहिर जारी भएको धितोपत्रमा लगानी गर्न, प्राप्त गर्न वा हस्तान्तरण गर्न ।

२३. **विदेशी लगानी लेखाङ्कन**: प्रचलित कानुनबमोजिम विदेशी लगानीकर्ताले नेपालमा विदेशी लगानी गर्दा नेपाल सरकारको सम्बन्धित निकायबाट विदेशी लगानी स्वीकृति प्राप्त गरी बैङ्कले निर्धारण गरेबमोजिम लगानी रकम भित्र्याई तोकिए बमोजिमको अवधिभित्र बैंकमा लेखाङ्कन गराउनु पर्नेछ ।

२४. **विदेशी विनिमयको ऋण** : (१) प्रचलित कानुनबमोजिम वा बैङ्कले तोकिदिएको अवस्थामा बाहेक कसैले पनि विदेशी विनिमयमा ऋण लिन वा दिन पाइने छैन ।

(२) प्रचलित कानुनबमोजिम वा बैङ्कले तोकिदिए बमोजिम विदेशी विनिमयमा लिएको ऋणको उपयोग र सोको साँवा तथा ब्याज भुक्तानी बैङ्कले तोकिदिए बमोजिम हुनेछ ।

२५. **विदेशमा गरिने लगानी सम्बन्धी व्यवस्था** : (१) नेपालमा संस्थापित देहायको क्षेत्र, कम्पनी वा प्रतिष्ठानले विदेशमा लगानी गर्न पाउनेछः-

(क) यस ऐन बमोजिम विदेशमा लगानी गर्न पाउने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छुट दिएका क्षेत्र, कम्पनी वा प्रतिष्ठान,

(ख) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम विदेशमा प्रविधि हस्तान्तरण गरे बापत प्राप्त हुने विदेशी मुद्रा बैंकको अनुमति लिई विदेशमा लगानी गर्ने कम्पनी वा प्रतिष्ठान,

(ग) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम सूचना प्रविधि उद्योगको वर्गीकरणमा परेको उद्योग ।

(२) नेपालमा बसोबास गर्ने नेपाली नागरिकले विज्ञ, परामर्शदाता वा कर्मचारीको रुपमा प्रदान गरेको योगदान बापत नगद भुक्तानी नगरी विदेशी कम्पनीको शेयर प्राप्त गर्न र त्यस्तो शेयरबाट आय आर्जन गर्न पाउनेछ ।

(३) विदेशमा लगानी गर्ने व्यक्ति, कम्पनी वा प्रतिष्ठानले विदेशी विनिमय सम्बन्धमा पालना गर्नुपर्ने शर्त, लगानीको क्षेत्रगत अधिकतम सीमा तथा तत्सम्बन्धी अन्य व्यवस्था बैङ्कले सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।

(४) नेपालमा बसोबास गर्ने कुनै नेपाली नागरिकले विदेशमा रहँदाको अवधिमा बिदेशबाट आर्जन गरेको रकमबाट गरेको बिदेशी लगानी बैंकले तोकिदिएबमोजिम स्वघोषणा गरी लेखांकन गराएको अवस्थामा त्यस्तो लगानीको स्वीकृति लिन आवश्यक हुने छैन।

(५) गैरआवासीय नेपालीले विदेशमा रहँदा गरेको आर्जनबाट बिदेशमा गरेको लगानीलाई नेपालबाट विदेशमा गरिएको लगानीको रूपमा लेखाङ्कन गर्न चाहेमा उक्त लगानीको स्रोत खुल्ने प्रमाणको आधारमा त्यस्तो लगानीबाट प्राप्त हुने मुनाफा वा लाभांश नेपाल भित्र्याउने शर्तमा बैङ्कले लेखाङ्कन गर्न सक्नेछ ।

२६. **<u>विदेशमा लगानी गर्न विदेशी विनिमय उपलब्ध गराउन सक्ने</u>**: (१) दफा २५ बमोजिम नेपालबाहिर कुनै लगानी गर्न वा त्यस्तो लगानीको लागि विदेशमा प्रतिनिधि राख्न, कार्यालय वा शाखा स्थापना गर्न, पुँजीगत लगानी गर्न वा कुनै सम्पत्ति प्राप्त गर्ने उद्देश्यले बैङ्कसमक्ष विदेशी विनिमय माग गरेमा त्यस्तो विदेशी विनिमय बैङ्कले उपलब्ध गराउन सक्नेछ ।

(२) यस दफा बमोजिम विदेशी विनिमय उपलब्ध गराउने प्रक्रिया, विदेशी विनिमय लगानीको स्वीकृति तथा अन्य शर्त बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **<u>विदेशी विनिमयमा लगानी फिर्ता लैजान सक्ने</u>**: (१) प्रचलित कानुनबमोजिम विदेशी लगानी गर्न स्वीकृतिप्राप्त विदेशी लगानीकर्ताले आफूले नेपालमा गरेको लगानी बापत प्राप्त हुने देहाय बमोजिमको रकम बैङ्कले निर्धारण गरेको प्रक्रिया पूरा गरी विदेशी मुद्रामा नेपाल बाहिर लैजान वा पठाउन सक्नेछ : -

(क) धितोपत्रमा गरेको लगानी बिक्री बापत प्राप्त रकम, लगानी बापतको लाभांश वा मुनाफा

(ख) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम मध्येबाट समानुपातिक रुपमा हुने निजको हिस्सा बापतको रकम,

(ग) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राविधिक शुल्क, रोयल्टी आदि बापतको रकम,

(घ) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,

(ङ) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानूनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपूर्ति बापतको रकम,

(च) विशिष्टीकृत लगानी कोषको इकाई बिक्री बापतको रकम तथा इकाईबाट प्राप्त मुनाफा ।

(छ) ऋण वा ऋण सुविधाको रूपमा लगानी गरेको साँवा र सोको ब्याज ।

(ज) प्रचलित कानून बमोजिम फिर्ता लैजान पाउने अन्य रकम।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको लगानीमध्ये सूचीकरण भएको धितोपत्रको हकमा धितोपत्र विनिमय बजारमा कारोबार भएको मूल्यमा ननाघ्ने गरी रकम फिर्ता लैजान वा पठाउन सकिनेछ र सूचीकरण नभएको धितोपत्रको हकमा बैङ्कले निर्धारण गरेको प्रक्रिया बमोजिम मूल्यांकन गरिएको सम्बन्धित संस्थाको मूल्यांकन प्रतिवेदन अनुसार हुने सम्बन्धित धितोपत्र धनीको समानुपातिक अंश बराबरको विदेशी विनिमय रकम फिर्ता लैजान वा पठाउन सकिनेछ ।

(३) कुनै विदेशी लगानीकर्ताले प्राप्त गरेको धितोपत्र सम्बन्धित निकायको स्वीकृतिमा अर्को विदेशी लगानीकर्तालाई प्रचलित कानुनबमोजिम तिर्नुपर्ने कर वा शुल्क भुक्तानी गरी बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

(४) नेपालमा कार्यरत इजाजतपत्रप्राप्त विदेशी वायु सेवा, निजको एजेण्ट वा त्यस्तो कार्य गर्न नियुक्त गरिएको नेपाली व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपालमा बिक्री गरेको हवाई टिकट तथा कार्गो बापतको रकम लगायत विदेशी मुद्रामा रिप्याट्रिएशन लैजाने वा पठाउने सम्बन्धमा बैङ्कले निर्धारण गरेको व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद–४

## निरीक्षण तथा अनुगमन

२८. **निरीक्षण तथा अनुगमन**: (१) बैङ्कले जुनसुकै बखत यस ऐन बमोजिम इजाजतपत्रप्राप्त व्यक्तिको विदेशी विनिमयको कारोबार, खाता, हिसाब किताब र अन्य लिखत निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ । त्यस्तो निरीक्षण तथा अनुगमनको कार्य स्थलगत, गैरस्थलगत वा अन्य तरिकाले गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटी आएका कर्मचारीले माग गरे बमोजिमको विदेशी विनिमय सम्बन्धी कारोबारको खाता, हिसाब किताब वा कागजात उपलब्ध गराउनु इजाजतपत्रप्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएका कर्मचारीले कुनै इजाजतपत्रप्राप्त व्यक्ति वा निजको एजेण्टलाई वा इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाको सञ्चालक वा पदाधिकारीलाई लिखित वा मौखिक सोधपुछ गर्न सक्नेछ ।

(४) इजाजतपत्रप्राप्त व्यक्तिको त्यस्तो खाता, हिसाब किताब, लिखत सो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको सञ्चालक वा सम्बन्धित पदाधिकारीले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम निरीक्षण गर्न खटिएका कर्मचारीले निरीक्षण गर्दा यस ऐन विपरीत कुनै विदेशी विनिमय वा सोसँग सम्बन्धित लिखत, हिसाब किताब, खाता वा विवरण फेला पारेमा त्यस्तो विदेशी विनिमय वा सोसँग सम्बन्धित लिखत, हिसाब किताब, खाता वा विवरण मुचुल्का खडा गरी आफ्नो कब्जामा लिन वा कुनै सेफ वा कोठामा बन्द गरी सिलछाप लगाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम त्यस्तो विदेशी विनिमय वा लिखत आफ्नो कब्जामा लिंदा वा सिलछाप लगाउँदा सम्बन्धित इजाजतपत्रप्राप्त व्यक्ति वा तत्काल उपलब्ध अन्य व्यक्तिको रोहबरमा राखी कब्जामा लिएको कुराको विवरण तयार गरी साक्षीको समेत सहिछाप गराउनु पर्नेछ ।

(७) यस दफा बमोजिम इजाजतपत्रप्राप्त व्यक्तिको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य काम कारबाही बैङ्कले निर्धारण गरे बमोजिम हुनेछन् ।

२९. **कब्जा गरिएको विदेशी विनिमय तथा लिखत सुरक्षित राख्नुपर्ने** : बैङ्कको निरीक्षकले यस ऐनबमोजिम कब्जा गरेको विदेशी विनिमय तथा सोसँग सम्बन्धित लिखत सुरक्षित राख्नु पर्नेछ।

३०. **विवरण पेश गर्न आदेश दिन सक्ने** : (१) यस ऐन बमोजिम भएको विदेशी विनिमय सम्बन्धी कुनै कारोबार, सो सम्बन्धी कुनै लिखत, हिसाब किताब, खाता वा विवरण प्राप्त गर्न आवश्यक देखिएमा बैङ्कले अवधि तोकी विवरण वा कागजात बैङ्क वा अधिकारप्राप्त निकायमा पेश गर्न वा गराउन लगाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा त्यस्तो विवरण वा कागजात तोकिएको अवधिभित्र सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–५
## अनुसन्धान तहकिकात

३१. **अनुसन्धान अधिकारी** : (१) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अनुसन्धान अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकेको अनुसन्धान अधिकारीले अनुसन्धानको क्रममा बैङ्क वा नेपाल सरकारको कुनै निकाय वा पदाधिकारीको सहयोग माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान अधिकारीले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३२. **खानतलासी तथा कब्जामा लिने** : (१) यस ऐन विपरीत इजाजतपत्रप्राप्त व्यक्ति वा अन्य कसैले कुनै विदेशी विनिमय राखेको वा सञ्चय गरेको वा विदेशी मुद्राको अवैध कारोबार गरेको भनी शङ्का गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा अनुसन्धान अधिकारीले व्यक्तिको कारोबारस्थल, शङ्कास्पद स्थान वा निजको शरीरको खानतलासी लिन सक्नेछ ।

तर, कुनै महिलाको खानतलासी लिँदा महिला कर्मचारीद्वारा खानतलासी लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शङ्का लागेको व्यक्तिको खानतलासी लिँदा यस ऐन विपरीत कुनै विदेशी विनिमय वा सोसँग सम्बन्धित कुनै लिखत फेला परेमा त्यस्तो विदेशी विनिमय वा लिखत तत्काल उपलब्ध व्यक्तिको मुचुल्का गराई कब्जामा लिन सकिनेछ ।

(३) यस ऐन विपरीत कार्य गर्न कुनै सवारी साधन प्रयोग गरिएको छ वा प्रयोग गर्न लागिएको छ वा त्यस्तो सवारी साधनमा लुकाएको छ भन्ने शङ्का भएमा अनुसन्धान अधिकारीले जुनसुकै समय वा ठाउँमा त्यस्तो सवारी साधनलाई कब्जामा लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कब्जा गरिएको सवारी साधनको कुनै पनि भाग र त्यसमा रहेको बस्तुको खानतलासी लिन वा जाँचबुझ गर्न र त्यसरी खानतलासी लिँदा यस ऐन विपरीतको कुनै विदेशी विनिमय वा सोसँग सम्बन्धित कुनै लिखत फेला परेमा सो समेत कब्जामा लिन सकिनेछ ।

(५) कसैले यस ऐन विपरीत हुने गरी कुनै विदेशी विनिमय कुनै स्थानमा लुकाएको वा राखेको छ भनी विश्वास गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा अनुसन्धान अधिकारीले सो व्यहोराको पर्चा खडा गरी त्यस्तो स्थानको खानतलासी लिन आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम खानतलासी लिन खटिएका कर्मचारीले खानतलासी लिनुपर्ने घर वा कारोबारस्थलमा तत्काल बसोबास गरिरहेका व्यक्तिलाई खानतलासी लिनु पर्ने कारणसहितको सूचना दिनु पर्नेछ । त्यसरी दिइएको सूचना सम्बन्धित व्यक्तिले नबुझेमा सो सूचनाको एक प्रति खानतलासी लिनुपर्ने घर, भवन वा कारोबारस्थलमा सबैले देख्ने स्थानमा टाँस्नु पर्नेछ । त्यस्तो सूचना टाँस भएपछि सम्बन्धित व्यक्तिले खानतलासीको सूचना पाएको मानिनेछ ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना दिएपछि खानतलासी लिन खटिएका कर्मचारीले त्यस्तो घर, भवन वा कारोबारस्थलको खानतलासी लिनु पर्नेछ ।

(८) यस दफा बमोजिम खानतलासी लिँदा कसैले बाधा बिरोध गरेमा खानतलासी लिन खटिएका कर्मचारीले त्यसरी बाधा विरोध गर्ने व्यक्तिलाई सो स्थानबाट हटी खानतलासीमा सहयोग गर्न सूचना दिनु पर्नेछ । त्यसरी सूचना दिँदा पनि नहटेमा प्रचलित कानून बमोजिम प्रशासनको सहयोग लिई बल प्रयोग गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सूचना दिँदा सम्बन्धित व्यक्तिले खानतलासी लिनुपर्ने घर, भवन वा कारोबारस्थलको बाहिरी वा भित्री ढोका, झ्याल वा छेस्किनी बन्द गरी खानतलासी गर्न नदिएमा जुनसुकै तवरले अवरोध हटाई त्यस्तो घर वा भवन वा कारोबारस्थलमा लगाएको ताला फुटाई ढोका, झ्याल, छाना वा अन्य कुनै स्थान वा तरिकाबाट प्रवेश गरी खानतलासी लिन सक्नेछ ।

(१०) यस दफा बमोजिम खानतलासी लिँदा कम्तीमा दुईजना स्थानीय व्यक्तिलाई रोहबरमा राखी खानतलासी लिनु पर्नेछ । त्यसरी खानतलासी लिँदा बरामद भएका विदेशी विनिमय वा सोसँग सम्बन्धित विवरण, कागजात तथा लिखतको विवरण तयार गरी रोहबरमा रहेका व्यक्तिको सहीछाप समेत गराई सोको एक प्रति सम्बन्धित व्यक्ति वा घरधनीलाई दिनु पर्नेछ ।

(११) यस दफा बमोजिम खानतलासी लिँदा कुनै विदेशी विनिमय, त्यससँग सम्बन्धित कुनै विवरण तथा कागजात फेला परेमा त्यस्तो विदेशी विनिमयको विवरण तथा कागजात कब्जामा लिन सकिनेछ । त्यसरी कब्जा गरिएको विदेशी विनिमय वा सोसँग सम्बन्धित लिखत, कागजात, विवरण वा अन्य दशी प्रमाण अनुसन्धान अधिकारीले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

३३. **<u>विदेशी विनिमय तथा सम्बन्धित कागजात सुरक्षित राख्नुपर्ने</u>**: (१) यस ऐन बमोजिमको कसूरको सिलसिलामा कब्जामा लिइएको विदेशी विनिमय वा सोसँग सम्बन्धित विवरणलाई अनुसन्धान अधिकारीले प्रतिलिपि वा फोटोकपी बनाई प्रमाणित गरी राख्नु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम प्रमाणित गराई राखेको विदेशी विनिमय वा सोसँग सम्बन्धित विवरण तथा कागजातको प्रतिलिपि वा फोटोकपीलाई यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दामा प्रमाण स्वरूप पेश गर्न सकिनेछ ।

(३) प्रचलित कानुनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि खानतलासी गरी वा अन्य कुनै पनि किसिमबाट नेपाल सरकारका कुनै पनि निकाय वा अनुसन्धान अधिकारीले कब्जामा लिएको विदेशी विनिमय वा सुन, चाँदी लगायतका वहुमुल्य धातु सुरक्षित राख्न बैङ्क समक्ष बुझाउनुपर्नेछ । दशी प्रमाणको रूपमा सुरक्षित राख्न नपर्ने विदेशी विनिमयको हकमा नेपाल सरकारले त्यस्तो विदेशी विनिमय वा सुनचाँदी बैङ्कलाई विक्री गर्नुपर्नेछ र सो खरिद गर्ने जिम्मेवारी बैङ्कको हुनेछ ।

३४. **पक्राउ गर्ने** : (१) कसैले यस ऐन विपरीत हुने गरी कुनै कसूर गरेको वा गर्न लागेको छ भनी शङ्का गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा अनुसन्धान अधिकारीले प्रचलित कानून बमोजिम मुद्दा हेर्ने अधिकारीको अनुमति लिई त्यस्तो व्यक्तिलाई पक्राउ पुर्जी जारी गरी पक्राउ गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण, दशी वा सबुत नष्ट गर्न सक्ने मनासिब कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा त्यस्तो व्यक्तिलाई तत्काले जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको व्यक्तिसहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पक्राउ परेको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

३५. **हिरासतमा राख्ने** : (१) यस ऐन अन्तर्गत पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले अनुसन्धानको लागि एकै पटक वा पटक पटक गरी बढीमा पैंतीस दिनसम्म हिरासतमा राख्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसन्धान अधिकारीले अनुसन्धानको सिलसिलामा पक्राउ गरेको व्यक्तिलाई कसूर ठहर भएमा हुन सक्ने बिगो तथा जरिबाना बराबरको रकम धरौटी लिई तारेखमा राखी कारबाही चलाउन सक्नेछ ।

तर, धरौटी दाखिला नगर्ने व्यक्तिलाई थुनामा राखी अनुसन्धान गर्नु पर्नेछ ।

३६. **गोप्य राख्नु पर्ने** : अनुसन्धान अधिकारी वा अनुसन्धानमा खटिएको कर्मचारी वा बैंकको कर्मचारीले आफूलाई जानकारीमा आएको कुनै व्यहोरा वा कुनै लिखत, प्रमाण, विवरण वा कागजात तोकिएको अवधिसम्म गोप्य राख्नु पर्नेछ ।

तर, त्यस्तो व्यहोरा वा लिखत, प्रमाण, विवरण वा कागजात अन्य मुद्दा मामिलाको निमित्त आवश्यक वा प्रमाण लाग्ने किसिमको छ भन्ने विश्वास मुद्दा हेर्ने अधिकारीलाई लागेमा निजको आदेशबाट अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गर्न वा जानकारी गराउन बाधा पर्ने छैन ।

३७. **मुद्दा दायर गर्ने** : (१) अनुसन्धान अधिकारीले यस ऐन बमोजिम आफूले गरेको अनुसन्धानको काम सम्पन्न गरेपछि सोको प्रतिवेदन मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकीलसमक्ष रायको लागि पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरकारी वकीलसमक्ष पेश भएको प्रतिवेदनमा सरकारी वकीलले मुद्दा चलाउने गरी राय दिएमा तीस दिनभित्र अनुसन्धान अधिकारीले मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विदेशी विनिमय सम्बन्धी कसूरको अनुसन्धान तहकिकात गर्दा संकलित प्रमाणका आधारमा अभियोग प्रमाणित हुन नसक्ने कुरामा अनुसन्धान अधिकारी विश्वस्त भएमा वा उपदफा (२) बमोजिम सरकारी वकीलबाट मुद्दा चलाउन उपयुक्त नदेखिएको राय प्राप्त भएमा अनुसन्धान अधिकारीले सोको पर्चा खडा गरी त्यस्ता मुद्दा तामेलीमा राख्न सक्नेछ ।

तर, पछि कुनै नयाँ प्रमाण फेला परेमा त्यस्तो उजुरीमा पुन: अनुसन्धान तथा तहकिकातको कारबाही अगाडि बढाउन यस दफाले बाधा पुर्याएको मानिने छैन ।

३८. **<u>मुद्दा हेर्ने अधिकार</u>** : यस ऐन बमोजिमको मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

३९. **<u>नेपाल सरकार वादी हुने</u>** : यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

४०. **<u>कब्जा गरेको निस्सा दिनु पर्ने</u>** : यस ऐन बमोजिम कुनै विदेशी विनिमय वा सोसँग सम्बन्धित लिखत वा उपकरण कब्जा गर्दा त्यसरी कब्जा गरिएको विदेशी विनिमय तथा सोसँग सम्बन्धित लिखत तथा उपकरणको विवरण खोली त्यसको निस्सा सम्बन्धित व्यक्तिलाई तत्काल दिनुपर्नेछ।

४१. **<u>प्रतिवेदन पेश गर्ने</u>** : यस ऐन बमोजिम अनुसन्धान अधिकारीले आफूले गरेको काम कारबाहीको प्रतिवेदन नेपाल सरकारसमक्ष प्रत्येक छ/छ महिनामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–६
## <u>कसूर तथा दण्ड सजाय</u>

४२. **<u>कसूर गरेको मानिने</u>** : कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) दफा ४ को उपदफा (२) विपरीत हुने गरी इजाजतपत्र नलिई विदेशी विनिमय कारोबार गरेमा,

(ख) दफा १० विपरीत हुने गरी कारोबार गरे वा गराएमा वा त्यस्तो कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहभागी भएमा,

(ग) दफा ११, १२ र १६ विपरीत हुने गरी कुनै कार्य गरेमा, र

(घ) दफा १९ को उपदफा (२), दफा २०, दफा २१, दफा २२ र दफा २४ को विपरीत हुने गरी कुनै कार्य गरेमा ।

४३. **<u>दण्ड सजाय</u>** : (१) कसैले दफा ४२ बमोजिमको कसूर गरेमा त्यस्तो कसूरदारलाई देहायबमोजिम सजाय हुनेछ :-

(क) एक लाख रुपैयाँसम्म बिगो भए बिगो बराबरको रकम असुल गरी दश हजार रुपैयाँसम्म जरिबाना,

(ख) एक लाख रुपैयाँदेखि माथि पाँच लाख रुपैयाँसम्म बिगो भए बिगो बराबरको रकम असुल गरी बिगो बमोजिम जरिबाना,

(ग) पाँच लाख रुपैयाँदेखि माथि एक करोड रुपैयाँसम्म बिगो भए बिगो बराबरको रकम असुल गरी बिगोको दोब्बर जरिबाना,

(घ) एक करोड रुपैयाँदेखि माथि पाँच करोड रुपैयाँसम्मको बिगो भए बिगो बराबरको रकम असुल गरी बिगोको दोब्बर जरिबाना र एक महिनासम्म कैद,

(ङ) पाँच करोड रुपैयाँदेखि माथि दश करोड रुपैयाँसम्मको बिगो भए बिगो बराबरको रकम असुल गरी बिगोको दोब्बर जरिबाना र दुई वर्षसम्म कैद,

(च) दश करोड रुपैयाँदेखि माथिको बिगो भए बिगो बराबरको रकम असुलगरी बिगोको दोब्बर जरिबाना र तीन वर्षसम्म कैद ।

(२) दफा ९ बमोजिम बैङ्कले जारी गरेको आदेश, सूचना, निर्देशन तथा परिपत्रको पालना नगरेमा वा दफा ३१ बमोजिम बैङ्कले मागेको लिखत, हिसाब किताब, खाता वा विवरण उपलब्ध नगराउने इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थाका पदाधिकारीलाई बैङ्कले देहाय बमोजिमको कुनै एक वा एक भन्दा बढी कारबाही गर्न सक्नेछ :-

(क) सचेत गराउन,

(ख) नसिहत दिन,

(ग) विदेशी विनिमयको कुनै वा सबै कारोबारमा प्रतिबन्ध लगाउन,

(घ) बैङ्कमा रहेको नगद धरौटी वा जमानतबाट असुल गर्न वा जफत गर्न,

(ङ) दश लाख नगद जरिबाना गर्न, र

(च) इजाजतपत्र निलम्बन वा रद्द गर्न ।

(३) उपदफा (२) बमोजिम बैङ्कले इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थाका पदाधिकारीलाई कारबाही गर्दा निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(४) दफा २८ बमोजिम निरीक्षण तथा अनुगमन गर्न वा दफा ३१ बमोजिमको अनुसन्धान अधिकारीले बदनियतपूर्ण कार्य गरी यस ऐनको उल्लङ्घन हुने कुनै कार्य गरेमा वा गोप्यता भङ्ग गरेमा त्यस्तो कार्य गर्ने निरीक्षक वा अनुसन्धान अधिकारीलाई एक लाख रूपैयाँसम्म जरिबाना हुनेछ ।

(५) दफा ३१ र दफा ३२ बमोजिम अनुसन्धान वा खानतलासीसम्बन्धी काम कारबाहीमा कसैले बाधा विरोध गरेमा त्यस्तो बाधा विरोध गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी दश लाख रूपैयाँसम्म जरिबाना हुनेछ ।

(६) यस दफामा अन्यत्र उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, नियम, विनियम, निर्देशन, कार्यविधि, परिपत्र वा सूचना विपरीत हुने गरी कुनै काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई बिगो कायम भएकोमा बिगो जफत गरी बिगोको दोब्बर जरिबाना हुनेछ ।

(७) उपदफा (६) बमोजिम बिगो कायम गर्दा बिगोको रकम खुल्न वा खुलाउन नसकिने अवस्था आइपरेमा कसूरको मात्रा हेरी बीस लाख रूपैयाँसम्म जरिबाना हुनेछ ।

(८) यस ऐन बमोजिम सजाय हुने कसूर कुनै फर्म, कम्पनी वा संस्थाबाट भएकोमा सो कसूर हुँदाको बखत सो फर्म, कम्पनी वा संस्थाको सो कसूरसँग सम्बन्धित कामको जिम्मा लिने सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख, कर्मचारी, एजेण्ट वा सम्बद्ध व्यक्तिलाई उपदफा (२) र (६) मा उल्लेख भए बमोजिमसजाय हुनेछ ।

तर, कसूर भएको कुरा त्यस्तो सञ्चालक, पदाधिकारी, कर्मचारी वा एजेण्टलाई जानकारी हुन सक्ने अवस्था नभएको वा त्यस्तो कसूर रोक्न निजले यथासम्भव प्रयास गरेको हो भन्ने कुराको प्रमाण पेश गर्न सकेमा र सो प्रमाण जाँचबुझ गर्दा मनासिब देखिएमा निजलाई यस उपदफा बमोजिम सजाय हुने छैन ।

(९) यस दफा बमोजिमको कसूरमा मतियार हुने वा मद्दत पुऱ्याउने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(१०) यस दफा बमोजिम भएको जरिबानाको रकम भुक्तानी नगरेमा त्यस्तो व्यक्तिलाई जरिबानाको मात्रा अनुसार प्रचलित कानून बमोजिम कैदको सजाय हुनेछ ।

(११) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै काम गरेमा त्यस्तो काम गर्ने अन्य व्यक्तिलाई हुने सजायको दोब्बर सजाय हुनेछ ।

तर, कैद सजायको हकमा बढीमा थप दुई वर्ष कैद हुनेछ ।

४४. <u>सवारी साधन जफत गर्न सकिने</u>: कुनै पनि निजी वा सार्वजनिक सवारी साधनमा यस ऐन बमोजिम निषेधित वा कारोबार गर्न स्वीकृति लिनु पर्ने विदेशी मुद्रा वा सुन र चाँदी लगायतका वहुमुल्य धातु गैरकानूनी तवरले लुकाई छिपाई ओसारपसार गरेको पाइएमा त्यस्तो सवारी साधन जफत गर्न सकिनेछ ।

तर सवारी साधन धनिको सहमति बिना यस्तो कार्य भएको पाइएमा सवारी साधन जफत हुने छैन।

४५. <u>पुनरावेदन</u>: यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय वा अन्तिम आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय वा अन्तिम आदेश भएको जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित उच्च अदालतको वाणिज्य इजलासमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद–७
## विविध

४६. **ठेक्कापट्टा गर्न नहुने :** (१) विदेशी विनिमयको विषयमा यो ऐनमा लेखिएको कुनै कुरा वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशन, कार्यविधि, परिपत्र वा सूचनासँग मेल नखाने गरी कुनै व्यक्ति, फर्म, कम्पनी, संस्थाले कुनै किसिमको ठेक्कापट्टा, लिखत वा करार गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत हुने गरी कसैले कुनै किसिमको ठेक्कापट्टा, लिखत वा करार गरेको रहेछ भने त्यस्तो ठेक्कापट्टा, लिखत वा करार स्वतः बदर हुनेछ ।

४७. **विदेशी विनिमयको सटही सुविधा** : (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था तथा सरकारी लगानी भएको परियोजनाको लागि विदेशी मुद्रा सटही आवश्यक परेमा बैङ्कले विदेशी मुद्राको आवश्यकता, औचित्य र पर्याप्तताको आधारमा तोकिए बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) विदेश भ्रमण वा कुनै काम विशेषले विदेशमा जानु पर्ने व्यक्तिलाई विदेशी मुद्राको आवश्यकता, औचित्य र पर्याप्तताको आधारमा बैङ्कले तोके बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलव्ध गराउन सक्नेछ ।

४८. **खाता खोल्दा बैङ्कको स्वीकृति लिनुपर्ने** : (१) नेपालमा बसोबास गर्ने कुनै नेपाली नागरिक वा नेपालमा दर्ता भएको कुनै फर्म, कम्पनी वा संस्थाले विदेशी बैङ्क वा वित्तीय संस्थामा खाता खोल्दा बैङ्कको स्वीकृति लिनु पर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "विदेशी बैङ्क वा वित्तीय संस्था" भन्नाले विदेशमा संस्थापना र सञ्चालनमा रहेको कानून बमोजिमको बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम खाता खोल्ने स्वीकृति दिँदा बैङ्कले आवश्यक विवरण माग गर्न तथा शर्तसमेत तोक्न सक्नेछ ।

(३) नेपाली नागरिकले विदेशमा रहँदा बस्दा आर्जन गरेको रकम खाता खोली विदेशी बैङ्क वा वित्तीय संस्थामा जम्मा गरेको भए नेपाल फर्केपछि सो खातालाई निरन्तरता दिन चाहेमा विदेशी बैङ्क वा वित्तीय संस्थामा जम्मा रहेको रकमको विवरण बैंकले तोकिदिए बमोजिम जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम खोलेको खाताको सञ्चालन तथा उपयोग बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने कुनै नेपाली नागरिक वा नेपालमा दर्ता भएको कुनै फर्म, कम्पनी वा संस्थाले नेपालभित्र विदेशी मुद्रामा खाता खोल्ने, सञ्चालन गर्ने र सोको उपयोग गर्ने सम्बन्धी अन्य व्यवस्था बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

४९. **असल नियतले गरेको कामप्रति जवाफदेही हुन नपर्ने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा जारी गरिएको सार्वजनिक नियम, विनियम, निर्देशन, कार्यविधि, परिपत्र वा सूचना बमोजिम कुनै व्यक्तिले आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको कुनै काम कारबाही सम्बन्धमा निजउपर कुनै अदालतमा मुद्दा चलाइने छैन ।

तर, लापरबाही वा बदनियतबाट गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने र सो सम्बन्धमा यस ऐन बमोजिम निजलाई कानूनी कारबाही गर्न बाधा पर्ने छैन ।

५०. **नियम तथा विनियम बनाउने अधिकार** : (१) यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले बैङ्कसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही बैङ्कले आवश्यक विनियम बनाउन सक्नेछ ।

५१. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐन बमोजिम कसूर मानिने काम अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

५२. **यस ऐन बमोजिम हुने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशन, कार्यविधि, परिपत्र वा सूचनामा लेखिएकोमा सोही बमोजिम र अन्यमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

५३. **खारेजी र बचाउ** : (१) देहायका ऐनहरु खारेज गरिएका छन् :-

(क) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९,
(ख) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएका ऐन बमोजिम भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत दिइएको इजाजतपत्र बैङ्कले अन्यथा आदेश नदिएसम्म वा इजाजतपत्रमा तोकिएको अवधि अगावै खारेज गरेकोमा बाहेक सोही इजाजतपत्रमा तोकिएको शर्तमा र अवधिसम्मको लागि दिइएको मानिनेछ ।

(४) विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम नेपाल सरकारले कसैलाई कुनै स्वीकृति, अनुमति वा छुट प्रदान गरेको रहेछ भने त्यस्तो स्वीकृति, अनुमति वा छुटको सम्बन्धमा नेपाल सरकारले अन्यथा निर्णय गरेकोमा बाहेक यसै ऐन बमोजिम स्वीकृति, अनुमति वा छुट दिइएको मानिनेछ ।